International Research Journal of MMC (IRJMMC)
Vol. 2 Issue 1 (February, 2021) ISSN 2717-4999 (Online) 2717-4980 (Print)

# रसप्रयोगका दृष्टिले केही समकालीन नेपाली गद्य कविता

**खिलप्रसाद बराल (निमेष निखिल)**
**उपप्राध्यापक, मकवानपुर वहुमुखी क्याम्पस**

Email: nimeshnikhil@gmail.com
**DOI:** https://doi.org/10.3126/irjmmc.v2i1.35136

Received: November 06, 2020; Revised & Accepted: January 10, 2021; Published: February 18, 2021
© Copyright: Baral (2021).

## सारसङ्क्षेप

*प्रस्तुत लेख पूर्वीय साहित्यशास्त्रको रससिद्धान्तसँग सम्बन्धित छ । पूर्वीय साहित्यशास्त्रमा विभिन्न नौ वटा रसहरू रहेका भए पनि यस आलेखमा शृङ्गार, वीर र हास्य तीन वटा रसहरूका आधारमा तीन वटा फुटकर गद्यकविताहरूको मात्र विश्लेषण गरिएको छ । अध्ययनका लागि पुस्तकालय अध्ययन विधिको प्रयोग गरिएको छ । सङ्कलन गरिएका सामग्रीहरूलाई रसविधानको सैद्धान्तिक ढाँचाका आधारमा विश्लेषण गरी निष्कर्ष निकाल्ने कार्य गरिएका कारण यो अध्ययन मूलतः निगमनात्मक पद्धतिमा आधारित छ । विश्लेषणका क्रममा नौ वटै रसहरू तथा तिनका विभाव, अनुभाव, व्यभिचारीभाव तथा स्थायीभावहरूको समेत चर्चा गरिएको छ । अध्ययनमा समकालीन नेपाली गद्यकवितामा पूर्वीय काव्यशास्त्रमा प्रयुक्त रसहरूको प्रयोग परिपाक रूपमा रहेको निष्कर्ष निकालिएको छ ।*

**पारिभाषिक शब्दावली :** शृङ्गाररस, वीररस, हास्यरस, विभाव, अनुभाव, व्यभिचारीभाव, स्थायीभाव ।

## १. विषय परिचय

रसचिन्तनको परम्परा पूर्वीय काव्यशास्त्रको सर्वप्राचीन परम्परा हो । संस्कृतका आदिआचार्य भरतबाटै यसको विस्तृत परिचर्चा हुनुबाट यसको प्राचीनता अनुभूत गर्न सकिन्छ । रस भनेको काव्यबाट आस्वाद हुने आदन्दानुभूति हो । रसका विषयमा पूर्वीय साहित्यशास्त्रमा मात्र नभएर संस्कृत मूलबाट विकास भएका अनेक

भाषाहरूका साथै विश्वका समृद्ध भाषाहरूमा समेत व्यापक चर्चापरिचर्चा भएको पाइन्छ । त्यसै गरी कविता पनि साहित्यको सर्वप्राचीन विधा हो । संसारका सबैभन्दा पुराना ग्रन्थ मानिने वेद र त्यसमा पनि जेठो वेद मानिने ऋग्वेदका ऋचाहरूमै कविताको छनक पाइने काव्यमर्मज्ञहरू बताउँछन् । कविता संसारका सबै भाषाहरूमा सबैभन्दा बढी लेखिने र छापिने विधाका रूपमा पनि परिचित छ । कविताहरू शैलीगत हिसाबले गद्य र पद्य गरी दुई प्रकारका हुन्छन् । पद्य कवितामा तथा काव्यहरूमा पाइने रसका विषयमा यसअघि पनि धेरै अध्ययनहरू भई निष्कर्ष प्रस्तुत गरिएका छन् तर नेपाली गद्य कवितामा संस्कृतका नवरसहरूको प्रयोग केकसरी भएको छ भन्ने विषयमा खासै अध्ययन अनुसन्धान हुननसकेका कारण यो आलेख समकालीन नेपाली गद्य कवितामा प्रयुक्त विभिन्न रसहरूको प्रयोगसम्बन्धी अध्ययनमा केन्द्रित छ । यस लेखमा साहित्यका शृङ्गा, वीर र शान्त तीन वटा रसका आधारमा तीन वटा गद्यकविताको विश्लेषण गरिएको छ ।

International Research Journal of MMC (IRJMMC)
Vol. 2 Issue 1 (February, 2021) ISSN 2717-4999 (Online) 2717-4980 (Print)

## १.१ अध्ययन विधि तथा सीमा

यस लेखको अध्ययनका लागि पुस्तकालय अध्ययन विधिको प्रयोग गरिएको छ । समग्री सङ्कलनका लागि वर्तमान समयमा नेपाली गद्यकविताका क्षेत्रमा सुपरिचित तीनजना कविहरूका एकएक कवितालाई नमुनाका रूपमा छनोट गरिएको छ । सङ्कलित कविताहरूको अध्ययनका लागि पूर्वीय रससिद्धान्तका मानक उपकरणहरूलाई आधार बनाइएको छ । विवेच्य कविताहरूमा रहेका विभाव, अनुभाव, व्यभिचारीभाव तथा स्थायीभावहरूको खोजी गरी तत्तत् भावहरूका आधारमा कवितामा प्रस्तुत भएको रसलाई प्रमाणित गर्ने पद्धति अपनाइएको छ । त्यसैले यो अध्ययन परिमाणात्मक अध्ययन नभएर गुणात्मक अध्ययन हो ।

## २. रसको परिचय

काव्य चिन्तनको पूर्वीय परम्परामा रससिद्धान्त सर्र्वाधिक चर्चित र पुरानो सिद्धान्त हो । श्रव्य÷पाठ्यकाव्य पढ्दा वा सुन्दा एवं दृश्यकाव्य हेर्दा सुन्दा जुन अलौकिक आनन्द प्राप्त हुन्छ, त्यसैलाई काव्यमा रस भनिन्छ । रसद्वारा जुन भावको अनुभूति हुनपुग्छ त्यसलाई रसको स्थायीभाव भनिन्छ । काव्यको पठनबाट जुन आनन्दको प्राप्ति हुन्छ, वास्तवमा त्यही नै काव्यको रस हो । रस पूर्वानुभूति होइन, यो काव्य पठनबाट प्राप्त हुने तात्कालिक अनुभव र अनुभूति हो । रसवादीहरू रसलाई काव्यात्म अर्थात् काव्यको आत्मा मान्दछन् । रसले युक्त वाक्यलाई काव्य मान्दछन् । त्यसैले साहित्यबाट प्राप्त हुने मानसिक सन्तुष्टिलाई रस मान्न सकिन्छ । संस्कृतका आदि आचार्य भरतले विभाव, अनुभाव र सञ्चारीभावको संयोगले विभिन्न रसको निष्पत्ति हुन्छ भनेका छन् ।

रस के हो भन्ने सन्दर्भमा विभिन्न विद्वान् तथा ग्रन्थकारहरूले आफ्ना धारणाहरू व्यक्त गरेका छन् । आदिआचार्य भरतले 'विभावानुभावव्यभिचारिसंयोगाद्रसनिष्पत्तिः' (भरत : ६/२२८) भनेर प्रथम पटक रसलाई परिभाषित गर्ने कार्य गरेका छन् । उनको यो सूत्रअनुसार विभाव, अनुभाव र व्यभिचारीभावको संयोगबाट रसको निष्पत्ति हुन्छ भन्ने जानकारी पाइन्छ । रस : विभाव, अनुभाव र व्यभिचारीभावको संयोजन हुँदा मानव हृदयमा उत्पन्न हुने विशिष्ट भाव, नवरस (शृङ्गार, वीर, करुण, रौद्र, अद्भुत, हास्य, भयानक, बीभत्स, शान्त) । (अधिकारी र भट्टराई २०६१ : ८४१) । यो परिभाषा पनि भरतको रससूत्रकै व्याख्यामा आधारित देखिन्छ । काव्य पढ्दा, सुन्दा वा अभिनय हेर्दा विभावादिको संयोगले निष्पन्न हुने आनन्ददायक चित्तवृत्ति नै रस हो । (वर्मा तथा अन्य २००९ : ५१८) यस परिभाषाले रसकानुभूतिलाई काव्य र नाट्यका सन्दर्भमा जोडेर प्रस्तुत गरेको देखिन्छ । विभाव, अनुभाव र सञ्चारीभावले पोषित स्थायीभाव नै आस्वाद्य बनेर रसत्वमा प्राप्त हुन्छ । (वर्मा २०१२ : २२०) । यस परिभाषामा पनि रसोत्पत्तिमा विभाव, अनुभाव र सञ्चारीभावले युक्त स्थायीभावलाई रस मानिएको देखिन्छ । कुनै पनि साहित्यिक कृतिमा अन्तर्निहित भावमूलक सौन्दर्य र त्यसबाट प्राप्त हुने आनन्दानुभूति नै रस हो । (ढकाल २०६९ : १८७) । चित्तको तटस्थ तर मुक्त आनुभूतिक क्रियाशीलता नै रस हो । मिश्र (१९९० : १) रसका सम्बन्धमा यस्ता धारणाहरू अनेक पाइन्छन् । यी धारण तथा परिभाषाहरूलाई हेर्दा रसलाई निम्नानुसार चिनाउनु उपयुक्त हुन्छ :

विभाव, अनुभाव तथा व्यभिचारीभावको संयोगबाट निष्पत्ति हुन्छ र कुनै साहित्यिक कृतिको पठन तथा नाट्याभिनयको दर्शनबाट प्राप्त हुने आनन्दको अनुभूति नै रस हो ।

## ३. रससामग्री

रसका तत्त्व, अङ्ग, अवयव वा रस उत्पादन गर्ने सामग्रीलाई रससामग्री भनिन्छ । यिनलाई रसका उपकरण पनि भनिन्छ । आचार्य भरत तथा अन्य आचार्यहरूले विभाव, अनुभाव, व्यभिचारीभाव तथा स्थायीभावहरूलाई रससामग्री मानेका छन् । र। यिनै रससामग्रीहरूको संयोगबाट रसको उत्पत्ति हुन्छ भन्ने धारणा प्रस्तुत गरेका छन् । यिनै रससामग्रीहरूको सङ्क्षिप्त चर्चा यहाँ गर्नु उपयुक्त हुन्छ :

International Research Journal of MMC (IRJMMC)
Vol. 2 Issue 1 (February, 2021) ISSN 2717-4999 (Online) 2717-4980 (Print)

## ३.१ विभाव

भावहरूलाई उत्पन्न गर्ने अथवा बिउँझाउने सामग्रीलाई विभाव हुन् । विभावको अर्थ कारण हो र यिनले स्थायीभावलाई आस्वाद्य तुल्याउने काम गर्दछन् । विभावहरूलाई रसोत्पत्तिका आधारभूत तत्त्व मानिन्छ। विभाव दुई किसिमका हुन्छन् :

**क) आलम्बन विभाव**

जुन मुख्य भाव वा वस्तुका कारणले भावको उद्गम हुन्छ त्यसलाई आलम्बन भनिन्छ । अर्को शब्दमा भन्नुपर्दा जुन वस्तु देखेर त्यससम्बन्धी भावहरू उत्पन्न हुन्छन् ती वस्तु आलम्बन विभाव हुन् । काव्यका नायक तथा नायिका वा पात्रहरू नै आअलम्बन विभाव हुन् । उदाहरणका रूपमा वीररसको स्थायीभाव उत्साहका निम्ति सामुन्ने उभिएको शत्रु आलम्बन विभाव हो ।

**ख) उद्दीपन विभाव**

स्थायीभावलाई जागरुक बनाउने सहायक कारणहरू उद्दीपन विभाव हुन् । अर्को शब्दमा जुन कुरा देखेर वा सुनेर भावहरू झन् उत्तेजित हुन्छन्, तिनलाई उद्दीपन विभाव भनिन्छ । उदाहरणका रूपमा वीररसमा शत्रुसँगै रहने सेना वा तिनका मतियार, युद्धका सामाग्री, बाजगाजा, शत्रुका क्रियाकलाप, गर्जना, शस्त्र सञ्चालन आदि उद्दीपन विभाव हुन् ।

## ३.२ अनुभाव

आलम्बन र उद्दीपन विभावका सामग्रीले भावको अनुभव गराएपछि देखा पर्ने विभिन्न चेष्टादि कार्यहरू नै अनुभाव हुन् । रति, हास, शोक आदि स्थायीभावलाई प्रकाशित वा व्यक्त गर्न लगाउने आश्रयको चेष्टालाई अनुभाव भनिन्छ । अर्को शब्दमा जुन वस्तुले भावको अनुगमन गर्दछ त्यो नै अनुभाव हो । आलम्बन एवं उद्दीपनका माध्यमबाट आआफ्ना कारणले उत्पन्न, भावलाई बाÞय रूपमा प्रकाशित गराउने जेजस्ता चेष्टाहरू हुन्छन् तिनैलाई काव्य, नाटक आदिमा निबद्ध अनुभाव भनिन्छ । अनुभावहरू कायिक, मानसिक, आहार्य र सात्विक गरी चार प्रकारका हुन्छन् । कुनै विरहव्याकुल नायकद्वारा सुँक्कसुँक्क गर्नु, मिलनका अवसरमा आँसु, पसिना, रोमाञ्चकता, अनुराग आदि उपस्थित हुनु, रिसाउँदा वा क्रोध जागृत हुँदा हातहतियार चलाउनु, कठोर वचन बोल्नु, आँखा राताराता पार्नु आदि अनुभावका उदाहरण हुन् ।

## ३.३ व्यभिचारी / सञ्चारीभाव

व्यभिचारी वा सञ्चारी शब्दको अर्थ सँगसँगै हिँड्नु व सञ्चरणशील हुनु भन्ने हुन्छ । सञ्चारीभाव स्थायीभावका साथमा सञ्चरित हुन्छन् । मानवका अनगिन्ती मनोसंवेगहरू जुन क्षणक्षणमा देखिने र लोप हुने प्रवृत्तिका हुन्छन् तिनीहरूलाई व्यभिचारी अथवा सञ्चारीभाव भनिन्छ । व्यभिचारीभाव वा सञ्चारीभाव स्थायीभावलाई परिपुष्ट तुल्याउन थोरै समय उपस्थित भएर तुरुन्त विलुप्त हुने प्रकृतिका हुन्छन् । यिनीहरू जलको तरङ्ग जस्तै अस्थिर हुन्छन् र यिनले स्थायीभावलाई आस्वादनको अवस्थामा पु¥याउन सहयोग गर्छन् । सञ्चारी अर्थात् व्यभिचारीभाव ३३ किसिमका हुन्छन् : निर्वेद, ग्लानि, शङ्का, असूया, मद, श्रम, आलस्य, दीनता, चिन्ता, मोह, स्मृति, धृति, व्रीडा, चापल्य, हर्ष, आवेग, जडता, गर्व, विषाद, औत्सुक्य, निद्रा, अपस्मार, स्वप्न, प्रबोध, अमर्ष, अवहित्था, उग्रता, मति, व्याधि, उन्माद, मरण, त्रास र वितर्क । विभाव, अनुभाव र सञ्चारीभावलाई क्रमशः रसरूपी स्थायीभावका कारण, कार्य र सहकारी वा सहायक भावका रूपमा व्याख्या गर्ने गरिन्छ ।

## ३.४ स्थायीभाव

मानव मन भावनाको भण्डारजस्तै हो । यसमा अनगिन्ती संवेगात्मक भावहरू अनुभव, वासना एवं संस्कारका रूपमा सँगालिएका हुन्छन् । यी भावहरू धेरैजसो सुषुप्त अवस्थामा रहेका हुन्छन् । जुन भावहरू स्थायी रूपमा मनलाई आबद्ध गरेर रहेका हुन्छन्, ती नै स्थायीभाव हुन् । अर्को शब्दमा सहृदयको अन्तस्करणमा जुन मनोविकार वासना वा संस्कारका रूपमा सधैँ

International Research Journal of MMC (IRJMMC)
Vol. 2 Issue 1 (February, 2021) ISSN 2717-4999 (Online) 2717-4980 (Print)

रहिरहन्छ, जुन कहिल्यै दमित हुँदैन, त्यसैलाई स्थायीभाव भनिन्छ। काव्य पढ्दा अथवा नाटक हेर्दा पाठक र दर्शकमा एक किसिमको आनन्दको अनुभव हुन्छ र यही भाव रसरूपमा परिणत हुन्छ। हरेक रसका स्थायीभावहरू फरकफरक हुन्छन्।

## ४. रसका प्रकार

आदिआचार्य भरतले रसका शृङ्गार, वीर, करुण, हास्य, रौद्र, भयानक, बीभत्स, अद्भुत गरी आठ प्रकारका रसहरूको चर्चा गरका छन् :

शृङ्गारहास्यकरुणा रौद्रवीरभयानका
बीभत्साद्भसतसंज्ञौ चेत्यष्टौ नाट्ये रसाः स्मृताः। (भरत २०४० ६/२१८)

पछिल्ला आचार्यहरूले शान्तरससमेत थप गरी नौ प्रकारका रसहरूको चर्चा गरेका छन्। यी रसहरूलाई यहाँ सङ्क्षेपमा प्रस्तुत गरिन्छ :

## ४.१ शृङ्गाररस

रति स्थायीभाव हुने रस नै शृङ्गाररस हो। शृङ्गाररसले सबैको मनलाई संवेदित तुल्याउँछ। त्यसैले यस रसलाई रसराज (रसको राजा) पनि भनिन्छ। यो स्त्रीपुरुषको पवित्र प्रेमबाट व्यक्त हुन्छ। भरतले 'तस्य द्वे अधिष्ठाने सम्भोगो विप्रलम्भश्च' भनेर यसका दुई भेद हुने कुरा बताएका छन् (नाट्यशास्त्र ६/३०२–३०३)। यसलाई मुख्य रूपमा दुई किसिमको मानिएको छ– सम्भोग शृङ्गार र विप्रलम्भ वा वियोग शृङ्गार। यस रसको स्थायीभाव रति (परस्पर प्रेम) हो। यसका आलम्बन विभावमा नायकनायिका पर्दछन् भने उद्दीपन विभावमा एकान्त ठाउँ, कोइलीको स्वर, भोगविलासका सामाग्रीहरू, पहिले सम्भोगावस्थामा उपभोग गरिएका साधनहरू देख्नु र सम्झनु आदि पर्दछन्। शृङ्गाररस का अनुभावमा प्रेमपूर्ण दृष्टि, कटाक्ष, पसिना आउनु, सम्भोगका लागि छट्पटाउनु, पिरोलिनु आदि पर्दछन्। यस रसको सञ्चारीभावमा लज्जादि, सम्भोगको चाहना र उत्सुकता, चिन्ता आदि पर्दछन्।

## ४.२ वीररस

वीररसमा उत्साह स्थायीभाव रहन्छ। शत्रु वा प्रतिद्वन्द्वीको पराक्रम, उदारता, दानशीलताको प्रशंसा सुनेर आफूले पनि त्यस्तै कार्य गरेर यशस्वी हुने जुन उत्साह मनमा जाग्छ, त्यसबाट वीररसको उत्पत्ति हुन्छ। संस्कृत काव्यशास्त्रमा वीरलाई दानवीर, दयावीर, युद्धवीर र धर्मवीर गरी ४ प्रकारमा वर्गीकरण गरिएको पाइन्छ तर यी सबैको स्थायीभाव उत्साह नै हो (बराल, २०५५ : ६९४)। यस रसको स्थायीभाव उत्साह हो। यस रसको आलम्बन विभावमा शत्रु वा प्रतिद्वन्द्वी, उद्दीपन विभावमा युद्धदर्शन, वीरता प्रदर्शन आदि, अनुभावमा विपक्षीको तिरस्कार, अस्त्रप्रहार, कठोर वचन आदि पर्दछन् भने व्यभिचारीभावमा गर्व, धैर्य, रोमाञ्च आदि पर्दछन्।

## ४.३ करुणरस :

शोक स्थायीभाव रहने करुणरस आफ्नो प्यारो वस्तुको विनाश र अप्रिय वस्तुको प्राप्तिबाट उत्पत्ति हुन्छ। भरतले शापको क्लेशमा परेको प्रियजनको वियोग, धननाश, वध, बन्धन, देश निर्वासन, अग्निदाह, व्यसन, मृत्यु आदि विभावबाट करूण रस निष्पन्न हुन्छ भनेका छन् (भट्टराई, २०३९ : ९२)। यस रसको स्थायीभाव शोक, यसको आलम्बन विभाव विनष्ट वस्तु वा व्यक्ति हुन् भने उद्दीपन विभावमा विनष्ट वस्तुको गुण र स्मरण वा स्मरण गराउने चिजबिज पर्दछन्। त्यस्तै अनुभावमा रुनु, कराउनु, विलाप गर्नु, मूच्र्छा पर्नु, आँसु झार्नु आदि पर्दछन् र व्यभिचारीभावमा उन्माद, ग्लानि, चिन्ता आदि पर्दछन्

## ४.४ हास्यरस :

अनौठा वा विकृत आकार भएका चिजहरूले र अनौठा वर्णनहरूले मानव मनमा एक किसिमको हाँसोको भाव उत्पन्न हुन्छ। यसरी उत्पन्न हुने परिहासको अवस्था नै हास्यरस हो। हास्य पात्र आफू स्वयम् हाँस्नुलाई आत्मस्थ हास्य र अरुलाई हँसाउनुलाई परस्थ हास्य भनिन्छ। हास्यका यी दुई प्रकारलाई पनि स्मित, हसित, विहसित, उपहसित, अपहसित र

अतिहसित गरी ६ भेदमा वर्गीकरण गरिएको पाइन्छ (मिश्र, २०२१ : ३३) । हास्यरसमा स्थायीभावका रूपमा हास हाँसो रहेको हुन्छ । आलम्बन विभावमा अनौठा र विकृत आकार भएका चिज वा वस्तुहरू रहन्छन् । हास्यरसको उद्दीपन विभावमा विकृत एवं अनौठा किसिमका चेष्टाहरू पर्दछन् भने यसको अनुभावमा आँखाको खुम्चाइ, चिम्लाइ, हँसाइ आदि पर्खछन् । त्यस्तै व्यभिचारीभावअन्तर्गत हाँसो आउनु, आँखा केही चिम्लनु, मुख खुकुलिनु या विकृत हुनु आदि पर्दछन् ।

## ४.५ रौद्ररस :

शत्रुहरूको आफूलाई अपमानजनक शब्द तथा व्यवहार प्रयोग गर्दा, आफूलाई लक्षित गरी असहज क्रियाकलाप देखाउँदा मनमा एक किसिमको बदलाको भाव उत्पन्न हुन्छ । यसबाट उत्पन्न हुने क्रोधबाट
रौद्ररसको उत्पत्ति हुनछ । 'रूद्र' शब्दमा 'अण्' प्रत्यय लागेर रौद्र शब्दको व्युत्पत्ति भएको हो, जसले भीषण, बर्बर भयानक आदि अर्थलाई जनाउँछ (आप्टे, १९६९ : ८६३) । यस रसको स्थायीभाव क्रोध हो । यसका आलम्बन विभावमा शत्रु, विरोधी, विपक्षी रहेका हुनछन् भने उद्दीपन विभावमा शत्रुका क्रियाकलाप, हमला, कठोर बोली आदि पर्दछन् । अनुभावअन्तर्गत राताराता आँखा बनाउनु, ओठ टोक्नु, दाह्रा किट्नु, हतियार उठाउनु आदि क्रियाकलापहरू आउँछन् । गर्व, आवेग, उग्रता आदि यस रसका व्यभिचारीभाव हुन् ।

## ४.६ भयानकरस :

भयानक जन्तु, घटना वा दृश्य देखेर मनमा उत्पन्न हुने डरलाग्दो चित्तवृत्तिबाट भयानकरस उत्पन्न हुन्छ । 'भी' धातुमा 'आनक' प्रत्यय लागेर भयानक शब्दको व्युत्पत्ति भएको हो, जसले भयङ्कर, भीषण, भयजनक, त्रास, डर आदि अर्थलाई बुझाउँछ (आप्टे, १९६९ : ७३०) । भयानकरसको स्थायीभाव भय हो । यस रसका आलम्बन विभावअन्तर्गत भयानक जन्तु वा विषय, भूतप्रेत, डरलाग्दा जनावर आदि पर्दछन् । उद्दीपन विभावमा भयङ्कर जन्तुका डरलाग्दा चेष्टा, डर त्रास आदि पर्दछन् । अनुभावमा अनौठो स्वरले बोल्नु, पसिना काड्नु, रङ फुस्रो हुनु आदि पर्दछन् भने व्यभिचारीभावमा शङ्का, मूर्च्छा, आवेग आदि पर्दछन् ।

## ४.७ अद्भुतरस :

अलौकिक अथवा विचित्र वस्तु, दृश्य वा घटनालाई देख्दा वा सुन्दा उत्पन्न हुने विस्मयपूर्ण चित्तवृत्ति अद्भुतरस हो । 'अद्भुत' शब्दको व्युत्पत्ति 'अद्+भू+डुतच्' अथवा 'न भूतम् इति वा' भनेर गरिएको पाइन्छ, जसले आश्चर्यजनक, विचित्र, अलौकिक, अनौठो आदि अर्थलाई व्यक्त गर्छ (आप्टे, १९६९ : २३) । यस रसको स्थायीभाव विस्मय वा आश्चर्य हो । अलौकिक वा अनौठो विषय व वस्तु यसको आलम्बन विभाव हो भने अलौकिक विषय वा वस्तुको महिमा उद्दीपन विभाव हो । यस रसका अनुभावमा पसिना, रोमाञ्च, आँखा फैलाउनु आदि पर्दछन् र व्यभिचारीभावमा त्रास, जडता आदि पर्दछन् ।

## ४.८ बीभत्सरस :

'बध्' धातुमा 'सन्+घञ्' प्रत्यय लागेर 'बीभत्स' शब्दको व्युत्पत्ति भएको पाइन्छ, जसले घृणोत्पादक, दुर्गन्धयुक्त वा जुगुप्साजनक भन्ने अर्थ व्यक्त गर्दछ (आप्टे, १९६९ : ७१८) । कुनै घृणित वस्तु वा व्यक्तिलाई देखेर मनमा उत्पन्न हुने चित्तवृत्तिलाई बीभत्सरस भनिनछ । यस रसको स्थायीभाव घृणा हो । दुर्गन्धित र घृणित वस्तु यस रसको आलम्बन विभाव हो । उद्दीपन विभावअन्तर्गत दुर्गन्ध, विकृति आदि पर्दछन् । अनुभावमा थुक्नु, आँखा चिम्लनु, नाक थुन्नु आदिजस्ता क्रियाकलाप पर्दछन् भने व्यभिचारीभावमा आवेग, ग्लानि, व्याधि आदि पर्दछन् ।

## ४.९ शान्तरस :

उपसमार्थक 'शमु' धातुमा 'क्त' प्रत्यय लागेर 'शान्त' शब्दको व्युत्पत्ति भएको हो, जसले प्रसन्न वा सन्तुष्ट भन्ने अर्थलाई जनाउँछ (आप्टे, १९६९ : १०११) । संसारमा भएका सबै प्राणी र वस्तुहरू क्षणभङ्गुर र सारहीन छन् भन्ने ज्ञानले मानिसमा संसारप्रति एक किसिमको वितृष्णा वा वैराग्यको भाव उत्पन्न हुन्छ । यसलाई निर्वेद पनि भनिन्छ । यही वैराग्य वा

International Research Journal of MMC (IRJMMC)
Vol. 2 Issue 1 (February, 2021) ISSN 2717-4999 (Online) 2717-4980 (Print)

निर्वेद नै शान्तरसको स्थायीभाव हो । यस रसको आलम्बन विभावमा निस्सार संसार अथवा परमात्मा, उद्दीपन विभावमा पुण्यस्थान, तीर्थ, देवमन्दिर, साधुसज्जनको सङ्गत आदि, अनुभावमा सात्विक रोमाञ्च, आँसु आदि तथा सञ्चारीभावमा हर्ष, स्मृति, विरक्ति, पश्चात्ताप आदि पर्दछन् ।

## ५. समकालीन नेपाली कविताको अर्थ र आशय

समकालीन शब्द 'काल' आधारपदमा 'सम्' उपसर्ग र 'ईन' प्रत्यय लागेर बनेको तत्सम विशेषण शब्द हो । यस शब्दले एउटै समयको, उही समयको, अहिलेको, वर्तमानको जस्ता विविध अर्थहरू दिन्छ । समकालीनता 'समकालीन' शब्दमा नाम वर्ग बोध गराउने 'ता' प्रत्यय लागेर बनेको शब्द हो । एकै समयको वा एकै समयमा भएको, उही बखतको (घटना, कुरा विषय आदि) भनेर (पोखरेल तथा अन्य २०६७ : १२३१) ले समकालीन शब्दलाई चिनाका छन् । समकालीन शब्दको परिभाषा चालू वर्तमानसँग सम्बद्ध आज र अहिलेका अभिलक्षणहरू भएको (सिर्जनात्मक वा समीक्षात्मक) रचना भन्ने हो । (शर्मा २०६३ : ६) त्यस्तै समकालीनता शब्दको परिभाषा सिर्जनात्मक वा समीक्षात्मक रचनामा चालु वर्तमानसँग सम्बद्ध आज र अहिलेका अभिलक्षणहरूको उपस्तिति भन्ने हो भनेका छन् । (शर्मा २०६३ : ६) । त्यस्तै (गौतम २०६६ : ७३) ले समकालीन र समकालीनतालाई परिवर्तित समय अनुसार आज वा अहिलेको वर्तमान वा सम्प्रतिसँग सम्बद्ध अभिलक्षण र विशेषताहरू भएको (रचना) समकालीन हो । परिवर्तित समय अनुसार आज वा अहिलेको वर्तमान वा सम्प्रतिसँग सम्बद्ध अभिलक्षण र विशेषताहरू (रचनामा) विद्यमान हुनु समकालीनता हो भनेका छन् ।

यसरी समकालीन कविताले वर्तमान समयका विशेषता जाहेर गर्ने काव्यरचना भन्ने बुझाउँछ भने कवितामा वर्तमानका विशेषता वा अभिलक्षणहरूको उपस्थितिले समकालीनतालाई जनाउँछ ।

## ६. केही समकालीन नेपाली गद्य कवितामा रस प्रयोगको अवस्था

समकालीन नेपाली साहित्यको लेखन परम्रालाई हेर्दा आज गद्य कविताहरू नै नेपाली साहित्य लेखनको मूल धार हो भन्ने देखिन्छ । गोपालप्रसाद रिमालद्वारा आरम्भ गरिएको नेपाली गद्य कविता लेखनमा पुराना पुस्ताका अग्रज कविहरूका साथै नयाँ युवा कविहरूसमेत लागिपरेका छन् । त्यसैले हजारौँको सङ्ख्यामा आजका नेपाली कविहरू गद्य कविता लेखनमा लागिरहेका छन् र ती सबै कवितामा प्रयुक्त रसको विश्लेषण गर्नु सम्भव पनि छैन । यस आलेखमा तीन नेपाली गद्य कविहरूका तीन वटा गद्य कवितालाई शृङ्गार, वीर र हास्यरसका कोणबाट विश्लेषण गर्ने जमर्को गरिएको छ :

## ६.१ कवि विमल वैद्यको 'प्रेमको लय' कवितामा शृङ्गाररस को प्रयोग

'प्रेमको लय' कविता कवि विमल वैद्यको 'अक्षर सिम्फोनी' कवितासङ्ग्रह (२०७५) मा सङ्कलित छ । यस कवितामा सम्भोग शृङ्गाको अभिव्यक्ति कलात्मक रूपमा प्रकट भएको छ । कविताको समाख्याता वा नायक र नायिका फरक परिवेश र पृथक् भूगोलमा नयाँ हनिमुनका लागि निस्केका छन् । उनीहरू प्रेमका नयाँ लयहरू गुनगुनाउन चाहन्छन्, मायाका नयाँ संस्करणहरू देखाउन चाहन्छन् र साटिसकेका मुटुहरू फेरि साट्न चाहन्छन् । उनीहरू एकअर्कालाई अँगालोमा कस्न चाहन्छन् । पुराना भाकाहरूमा नयाँ लय भर्न चाहन्छन् र अँगालोमा चन्द्रमा बोकेर उभिएको रातमा संसारलाई भुलेर हनिमुन मनाउन चाहन्छन् । यी सबै तथ्यहरूबाट प्रस्तुत कवितामा शृङ्गाररसको अभिव्यक्तिका लागि आवश्यक पर्ने विभाव, अनुभाव, व्यभिचारी वा सञ्चारीभाव तथा स्थायीभावहरूको कुशल संयोजन भएका कारण यस कवितामा सम्भोग शृङ्गारको शिष्ट प्रयोग भएको देखिन्छ । रससिद्धान्तका दृष्टिबाट प्रस्तुत कवितालाई निम्नानुसार विश्लेषण गर्न सकिन्छ :

**क) विभाव**

यस कवितामा रहेका आलम्बन र उद्दीपन विभावहरूलाई निम्नानुसार हेर्न सकिन्छ :

International Research Journal of MMC (IRJMMC)
Vol. 2 Issue 1 (February, 2021) ISSN 2717-4999 (Online) 2717-4980 (Print)

**अ) आलम्बन विभाव**

'प्रेमको लय' कविताको युवक नायक 'म' र नायिका अर्थात् 'तिमी' आलम्बन विभाव हुन् । यहाँ समाख्याता नायक नायिकाको रूपलावण्यबाट मोहित भई रतिक्रीडाका लागि अनुरक्त भएकाले आश्रयका रूपमा र नायिका विषयका रूपमा रहेका छन् । आलम्बन विभावमा रहने चार प्रकारका नायक अनुकूल, दक्षिण, शठ र धृष्टमध्ये यो नायक एकै नायिकाप्रति अनुरक्त देखिन्छ । त्यसैले उसलाई अनुकूल नायक मान्न सकिन्छ । त्यस्तै नायिकाका मूल भेद स्वकीया, परकीया र साधारणमध्ये यो नायिका स्वकीया नायिका हो किनकि ऊ एउटै नायकप्रति आसक्त छे । उमेरगत आधारमा गरिने नायिकाको वर्गीकरण मुग्धम, मध्या र प्रौढामध्ये यस नायिकामा मध्या नायिकाका लक्षण देखिन्छन् ।

**आ) उद्दीपन विभाव**

'प्रेमको लय' कवितामा आएका पृथक् भूगोल, फरक परिवेश, एकअर्कालाई अँगालोमा कस्ने चाहना, जुनेली रात, एकान्त, हनिमुन मनाउने वा सम्भोग गर्ने तीव्र इच्छा आदिले नायकमा रहेको रतिभावलाई उकास्ने वा उद्दीप्त बनाउने कार्य गरेका छन् त्यसैले ती प्रस्तुत कवितामा आएका उद्दीपन विभाव हुन् ।

**ख) अनुभाव**

हनिमुन वा शारीरिक समागमबाट नायक तथा नायिकाले आदन्दानुभूति गर्नु नै यस कविताको अनुभाव हो । नौलो एकान्त ठाउँमा एकले अर्कालाई हेर्नु, प्रमका नयाँ लयमा बोल्नु, आलिङ्गनबद्ध हुनु, प्रेमको खातामा नाम लेख्नु आदिका माध्यमबाट यस कवितामा कायिक अनुभाव प्रकट भएको छ । त्यसैगरी स्वेद, रोमाञ्च, स्वरभङ्ग जस्ता मानसिक तथा सात्विक अनुभावहरू पनि कवितामा आएका छन् । एकअर्काप्रतिको सम्मोहन, समागमको आतुरता, शरीरमा रोमाञ्च तथा कम्पन, आखाँमा मात आदिजस्ता चेष्टाहरूबाट यस कवितामा अनुभावको प्रकटीकरण भएको छ ।

**ग) व्यभिचारीभाव**

'प्रेमको लय' कवितामा आवेग, श्रम, मद, विबोध, उन्माद, व्रीडा, चपलता, हर्षजस्ता व्यभिचारीभावहरूको रञ्चरणबाट शृङ्गाररस को अभिव्यक्तिका लागि एउटा निश्चित क्रम र शृङ्खलाको निर्माण भएको छ । कवितामा नायिकासँगको मिलनका सन्दर्भमा आवेग, रतिप्रसङ्गका सन्दर्भमा श्रम, एकअर्काप्रतिको सम्मोहनका सन्दर्भमा मद, बिहान हुनेछैन भन्ने सन्दर्भमा विबोध वा जागरण, कामुकता र आसक्तिका सन्दर्भमा उन्माद, नायिकाको अवस्थाबाट प्रकट हुने व्रीडा वा लज्जा, नायकको शारीरिक तथा मानसिक तृप्तिबाट उत्पन्न हुने हर्ष तथा प्रसन्नताजस्ता व्यभिचारीभावहरू यस कवितामा प्रस्तुत भएका छन् ।

**घ) स्थायीभाव**

'प्रेमको लय' कवितामा शृङ्गाररस को प्रयोग भएका कारण यस कविताको स्थायीभाव रति हो । कविताका नायकनायिका संसारलाई बिर्सेर हनिमुन मनाउन वा रतिक्रीडामा लीन हुने चाहना प्रकट गर्दछन् । कवितामा यस्तो रतिक्रीडाको तीव्र इच्छा मूलतः नायकमा देखिन्छ र साधारणीकरणका माध्यमबाट यो भाव पाठकसम्म पनि सञ्चरण भएको देखिन्छ । यसबाट पनि रति नै यस कविताको स्थायीभाव हो भन्ने स्पष्ट हुन्छ । शृङ्गाररस का दुई भेद सम्भोग र विप्रलम्भमध्ये यस कवितामा सम्भोग शृङ्गारको प्रयोग गरिएको छ । रसको प्रकृतिअनुसार माधुर्य गुण, वैदर्भी रीति र कोमला वृत्तिको प्रयोग भएको प्रस्तुत 'प्रेमको लय' कविता कवि विमल वैद्यको शृङ्गाररस को शिष्ट प्रयोग भएको एक उत्कृष्ट कविता हो ।

## ६.२ कवि विप्लव ढकालको 'च्याउको जङ्गल' कवितामा वीररसको प्रयोग

'च्याउको जङ्गल' कविता कवि विप्लव ढकालको 'च्याउको जङ्गल' कवितासङ्ग्रह (२०७१) मा सङ्कलित छ । कविताको समाख्याता वा 'म' पात्र जीवनका अनेक भोगाइहरूबाट जाग्रत भएको छ । उग्र

International Research Journal of MMC (IRJMMC)
Vol. 2 Issue 1 (February, 2021) ISSN 2717-4999 (Online) 2717-4980 (Print)

क्रान्तिकारिताको नाममा मान्छे मार्नेहरूदेखि आजित भएको 'म' पात्रको युद्धघोष गर्ने अदम्य उत्साह, शौर्य र वीरताका कारण यस कवितामा वीररसको सञ्चरण भएको सहजै पत्ता लगाउन सकिन्छ ।

यस कविताको समाख्याता हँसिया र हतौडा अर्थात् घन अङ्कित झन्डाबाट घन उखेलेर आफ्नै निधार अर्थात् भाग्यको चट्टान फुटाउन चाहन्छ । हँसिया निकालेर आफ्नो विचारको पर्खाल भत्काउन वा विचार परिवर्तन गर्न चाहन्छ । औजारले पिटीपिटी मस्तिष्कमा प्वाल पारेर रोटी बनाउन चाहन्छ र रोटीको गोलाकार सुरुङबाट बाहिर निस्केर निलो आकाशमा स्वच्छन्द उड्न चाहन्छ । उसका अगुवाहरूले चामलको दानामा उसको इतिहास लेखेको, सागका पातहरूमा उसका गीतहरू लेखेको, आफ्नै विचारलाई सिक्री बनाएर उसलाई घोडाको तबेलामा बाँधेको र उसकै हड्डीको मुरली बनाएर आवाजको विपक्षमा बजाएको उसले थाहा पाइसकेको छ । त्यसैले, अब 'म' पात्र समुद्र मन्थन गरेर हलाहल पिउन चाहन्छ । कृष्णको हातबाट मुरली खोसेर सुमेरु पर्वत उचाल्न चाहन्छ । विष्णुलाई जमिनमा ओरालेर गरुणमा चढ्न चाहन्छ र महादेवको गलाबाट निकालेर सर्पको मफलर लगाउन चाहन्छ । कविताको म पात्रले मरुभूमिमा बालुवा मुछेर खाएको छ, आफ्नै रगतको घुट्काले घाँटी भिजाएको छ, बाँस चपाउँदै टुकीको सलेदो चुसेर बाँचेको छ । यति वेला ऊ टाउकाभित्र केही नभएर विचारशून्य भएको छ । त्यसैले ऊ यो च्याउको जङ्गलभित्र निर्जीव भिडको विपक्षमा उभिएर आफ्नै टाउको उखेल्न चाहन्छ र भुइँभरि टकटक्याउन चाहन्छ । यसरी टकटक्याउँदा उसको मष्तिष्कबाट केही बिस्कुटका खोल, रोटीका टुक्रा, चप्पलको फिता, मृत उडुस र पुत्लीकिरा खसेपछि ऊ नितान्त रित्तो र विचारशून्य बन्नेछ र यही विचारशून्यतालाई हतियार बनाएर आक्रमण गरी ऊ आफ्ना प्रतिद्वन्द्वीको विचारको लङ्का जलाउने उद्घोष गर्छ । ऊ आफ्ना प्रतिद्वन्द्वीलाई आफूभित्र उम्लिरहेको खरानीका कारण रातभरि निदाउन नसकेको कुरा बताउँछ । कविताको 'म' पात्रलाई युद्धमा मरेका केटाकेटीले उखुको राइफल बोकेर लखेटेका छन् । त्यति वेला उसले आफ्ना प्रतिद्वन्द्वीको तस्बिरपछाडि लुकेर सास फेरेको छ । तरबारमा झुन्डिएका टाउकाहरूले गीत गाउँदै लखेटेका छन् । क्षतविक्षत कङ्कालहरूले खरानीबाट उठेर आफ्नो जीवनको मूल्य माग्दै लखेटेका छन् र 'म' पात्र झन्डाले मुख छोपेर आँसु पुछ्ने गरेको छ । संसार बदल्न हिँडेको नायक आफैँ बदलिएको छ । उसलाई यो च्याउको जङ्गलमा रिँगटा लागिरहेको छ । उसको मेसिन शरीरभित्र जीवन तरङ्गित भइरहेछ । त्यसैले ऊ अब आफ्ना अगुवा वा प्रतिद्वन्दीहरूका आदेशलाई अस्वीकार गर्ने घोषणा गर्छ । मान्छेका लासमा टेकेर खुकुरीमा धार लगाउन अब ऊ चाहँदैन । मान्छेको रगतको मूल्यमा ऊ आफैलाई गुमाउन चाहँदैन । अन्त्यमा ऊ फेरि हँसिया निकालेर आफ्नो विचारको पर्खाल भत्काउन वा विचार परिवर्तन गर्न चाहन्छ । औजारले पिटीपिटी मस्तिष्कमा प्वाल पारेर रोटी बनाउन चाहन्छ र रोटीको गोलाकार सुरुङबाट बाहिर निस्केर निलो आकाशमा स्वच्छन्द उड्न चाहन्छ ।

यसरी एउटा व्यक्तिको विचार परिवर्तन भई उसले आफू हिँड्दै आएको बाटो र बोकी आएको सिद्धान्त नै परिवर्तन गरी विरोधी विचारवाहकहरूसँग सङ्घर्ष गर्ने 'म' पात्रको स्पष्ट उद्घोषका कारण यस कवितामा वीररसको अभिव्यक्ति कुशलतापूर्वक अभिव्यञ्जित भएको पाइन्छ । प्रस्तुत कवितामा वीररसको प्रयोग केकसरी भएको भन्ने कुरालाई रसशास्त्रीय दृष्टिले निम्नानुसार व्याख्या गर्न सकिन्छ :

**क) विभाव**

यस कवितामा आलम्बन विभाव र उद्दीपन विभावलाई निम्नानुसार देखाउन सकिन्छ :

**अ) आलम्बन विभाव**

'च्याउको जङ्गल' कवितामा रहेको 'म' पात्र र उसका अगुवाहरू वा 'तिमीहरू' पात्रहरू आलम्बन विभावका रूपमा रहेका छन् । यहाँ चेतना र विचार परिवर्तन भई विरोधी र मानव अहितकारी विचारका विरुद्धमा सङ्घर्ष गर्न तम्सेको 'म' पात्र आश्रय हो । विगतमा गलत विचार भएका मानिसहरूको सङ्गतबाट उसले धेरै कुराहरू सिकेको छ । आफूलाई माध्यम बनाएर आफू मोज गर्ने तथा मानवताको हत्या गर्नेहरूलाई उसले चिनेको छ र अब ऊ ती विरोधी विचार राख्नेहरूसँग सङ्घर्ष

International Research Journal of MMC (IRJMMC)
Vol. 2 Issue 1 (February, 2021) ISSN 2717-4999 (Online) 2717-4980 (Print)

गर्न चाहन्छ । त्यसैले ऊ यस कवितामा आश्रय वा भोक्ताका रूपमा रहेको छ । त्यसैगरी 'म' पात्रले सङ्घर्षका हुङ्कारेका प्रतिरोधी विचार राख्नेहरू पनि यस कवितामा वीररस निष्पन्न गर्ने विषय हुन् ।

**आ) उद्दीपन विभाव**

प्रस्तुत कवितामा उद्दीपन विभावका रूपमा आलम्बन अर्थात् 'म' पात्रका विविध चेष्टाहरू, उसले भोगेको विगत, उसको आत्मबोध तथा उसले सङ्घर्षका लागि रोजेको नयाँ बाटो आदि उद्दीपन विभाव बनेर आएका छन् । त्यसै गरी कवितामा आएका झन्डा, घन, चट्टान, हँसिया, औजार, रोटीको गोलाकार सुरुङ, तबेला, मुरली, हलाहल, सर्पको माला, रगत, बिस्कुटका खोल, रोटीका टुक्रा, चप्पलका फिता, मृत उडुस, पुत्लीकिरा, खरानी, उखुको राइफल, तरबारमा झुन्डिएका टाउका, क्षतविक्षत कङ्कालहरू, च्याउको जङ्गल, खुकुरी आदिले पनि रस र भावलाई उद्दीप्त बनाउने कार्य गरेकाले ती पनि उद्दीपन विभावका सहायक कारकहरू हुन् ।

**ख) अनुभाव**

'च्याउको जङ्गल' कवितामा 'म' पात्रले गरेका विभिन्न चेष्टा तथा मानसिक क्रियाहरू अनुभावका रूपमा आएका छन् । 'म' पात्रले आफू अरूको लहैलहैमा हिँड्दै आएको आजसम्मको बाटो गलत भएको अन्तर्बोध गरेको छ । यसबाट उसमा आफूलाई गलत बाटोमा हिँडाउनेहरूसँग सङ्घर्ष गर्ने र उनीहरूलाई पनि अब त्यो बाटोमा हिँड्न नदिने उत्प्रेरणा प्राप्त भएको छ । यस क्रममा उसमा स्तम्भ, स्वेद, वेपथु, वैवर्ण्य, स्वरभङ्गजस्ता अनुभावहरू देखा परेका छन् । 'म' पात्रले झन्डाबाट घन र हँसिया निकाल्नु, औजारले मस्तिष्क पिटेर रोटी बनाउनु, हलाहल पिउनु, सुमेरु पर्वत उचाल्नु, सर्पको मफलर लगाउनु, बालुवा मुछेर खानु, बाँस चपाउनु, सलेदो चुस्नु, आफ्नै टाउको उखेल्नु, आक्रमण गर्नु, विचारको लङ्का जलाउनु, लुकेर सास फेर्नु, झन्डाले मुख छोपेर आँसु पुछ्नु, रिँगटा लाग्नु, प्रतिद्वन्द्वीका आदेश अस्वीकार गर्नु आदिजस्ता कायिक अनुभावहरू यस कवितामा आएका छन् । त्यस्तै 'म' पात्रको विचार पविर्तन भई उसले मानव कल्याणका लागि सङ्घर्ष गर्ने दृढ विचार बनाउनु मानसिक अनुभाव हुन् । यसरी यस कवितामा उत्साह भावको प्रकटीकरणका लागि 'म' पात्रले गरेका विविध चेष्टाहरू अनुभावका रूपमा आएका छन् ।

**ग) व्यभिचारीभाव**

यस कवितामा उत्साह स्थायीभावलाई सम्बलित गर्न बिचबिचमा विभिन्न व्यभिचारी वा सञ्चारीभावहरू आएका छन् । 'म' पात्रको मानसमा यस्ता भावहरूको एउटा शृङ्खला नै बनेको छ । यस कवितामा आएका यस्ता व्यभिचारीभावहरूमा आवेग, दैन्य, जडता, उग्रता, विबोध, गर्व र स्मृति रहेका छन् । कवितामा झन्डाबाट घन र हँसिया निकालेर मस्तिष्कमा प्रहार गर्ने र रोटी बनाउने तथा रोटीको सुरुङबाट निस्केर नीलाकाशमा उड्ने, मुरली खोस्ने, सुमेरु उचाल्ने, सर्पको मफलर लगाउने, प्रतिद्वन्द्वदीको आदेश अस्वीकार गर्ने सन्दर्भमा आवेशको भाव पाइन्छ । त्यसैगरी बालुवा मुछेर खाएको, आफ्नै रगतले घाँटी भिजाएको, बाँस चपाएको, सलेदो चुसेकोजस्ता सन्दर्भमा दैन्य, विचारशून्य भएको सन्दर्भमा जडता, विगतमा सही बाटो ठानेर गलत बाटोमा हिँडेकोमा विबोध, मानवकल्याणको सही बाटो पहिचान गरेर फेरि सङ्घर्षमा उत्रिएकोमा गर्व तथा आफूले विगतमा गलत बाटोमा हिँडेकोमा स्मृतिजस्ता व्यभिचारीभावहरू यस कवितामा आएका छन् । यी भावहरूले 'म' पात्रको मनमा विभिन्न समयमा प्रकट भएर स्थायीभावलाई परिपुष्ट बनाउने काम गरेका छन् ।

**घ) स्थायीभाव**

शौर्य, साहस र वीरताबाट अभिव्यक्त हुने उत्साह नै 'च्याउको जङ्गल' कविताको स्थायीभाव हो । विगतका गल्तीहरूलाई आत्मबोध गरी उग्र क्रान्तिका नाममा नरसंहार गर्ने आफ्नै अगुवाहरूका विरुद्ध सङ्घर्षमा उत्रिएको 'म' पात्रमा यो उत्साहको भाव उत्पन्न भएको छ । रसको साधारणीकरण प्रक्रियाबाट यो रसको आस्वाद कविताका पाठकवर्गले पनि गरेका छन् । 'म' पात्रको सङ्घर्षप्रतिको निष्ठा र प्रतिबद्धताले उसलाई यस कवितामा चार शास्त्रीय वीरहरू दानवीर, धर्मवीर, दयावीर र युद्धवीरमध्ये युद्धवीरका रूपमा प्रतुत गरेको छ ।

International Research Journal of MMC (IRJMMC)
Vol. 2 Issue 1 (February, 2021) ISSN 2717-4999 (Online) 2717-4980 (Print)

त्यसैले यस कवितामा स्थायीभावका रूपमा उत्साह, अङ्गी रसका रूपमा वीररस, र रसको प्रकृतिअनुकूल ओज गुण, गौडी रीति र परुषा वृत्तिको प्रयोग भएको छ ।

यसरी प्रस्तुत कवितामा वीररसको अभिव्यक्तिका लागि आवश्यक पर्ने विचाव, अनुभाव, व्यभिचारीभाव र स्थायीभावहरूको कुशल संयोना भएका कारण रससिद्धान्तका आलोकमा विश्लेषण गर्दा कवि विप्लव ढकालद्वारा लिखित प्रस्तुत कविता 'च्याउको जङ्गल' वीररसको प्रयोग गरी लेखिएको उत्कृष्ट र सशक्त कविता हो भन्ने निष्कर्ष निकाल्न सकिन्छ।

## ६.३ कवि लक्ष्मण गाम्नागेको 'राष्ट्रिय ए...कता ?' कवितामा हास्यरसको प्रयोग

'राष्ट्रिय ए...कता ?' कविता कवि लक्ष्मण गाम्नागेको 'पत्याउँदा पत्याउँदै' कवितासङ्ग्रह (२०७१) मा सङ्कलित छ । यस कविताले भ्रष्टाचार, अनियमितता आदिका पक्षमा सबैको राष्ट्रिय एकता हुन्छ भन्ने विषयलाई हास्यव्यङ्ग्यात्मक ढङ्गले प्रस्तुत गरेका कारण यस कवितामा हास्यरस अभिव्यक्त भएको छ ।

कवितामा कवि स्वयम् समाख्याताका रूपमा उपस्थित छन् । कविताको पहिलो पङ्क्तिपुञ्जमा कुर्सी यतै छ, कमिसन यतै छ, मुलुक डुबाउने मिसन पनि यतै छ, अदालत, मालपोत र भन्सार यतै छन्, जाँडपानी र जुवातासको संसार यतै छ, राष्ट्रिय एकता पनि यतै भएकाले तँ लक्ष्मण गाम्नागे कलेँटी परेका ओठ चाट्तै काखीमा छेरपेटी लागेको छोरो च्यापेर कता हिँडेको भन्ने प्रश्न कविले गरेका छन् । कविताको दोस्रो पङ्क्तिपुञ्जमा बडेबडे भुँडीहरू यता छन्, भुँडीहरूको मिटिङ, सिटिङ, इटिङ र ड्रिङ्किङ पनि यता छ, तेरो अनुहार देखिने कार यता छ, चौरासी व्यञ्जनको खार (बास्ना) यता छ, अमेरिका यता, जापान पनि यता छ, डलरमा पोको पारेको मिठा पान यतै छ, राष्ट्रिय एकता यतै छ तँ लक्ष्मण गाम्नागेचाहिँ हनुमान कट्टु हावामा हल्लाउदै मट्टितेलको रित्तो ग्यालिन बोकेर कता हिँड्दै छस् भन्ने अर्को प्रश्न कविले आफैलाई गरेका छन् । कविताको अन्तिम खण्डमा कविले राम यतै रहेको, विभीषण यतै रहेको, मान अलङ्कार र विभूषण यतै रहेको, दरबार यतै, तरबार यतै रहेको, भ्रष्ट शिरोमणिहरूको घरबार यतै रहेको, पुरानो सत्ता र नया सत्ता यतै रहेको, दुवै सत्ताको साझा तलब भत्ता यतै रहेको, झन्डा र डन्डा पनि यतै रहेको, सुनचादीका अन्डा पनि यतै रहेकाले राष्ट्रिय एकतासमेत यतै छ । तँ लक्ष्मण गाम्नागेचाहिँ पञ्चरङ्गी जुँगामा ताउ लगाउदै सुकेनास लागेकी स्वास्नीको हात समातेर कता लागेको भन्दै यो कविता समाप्त भएको छ ।

यसरी हाम्रो समाज र राष्ट्रका विभिन्न क्षेत्रमा व्याप्त बेथिति, अनियमितता, आफ्नो स्वार्थपूर्तिका लागि जोसँग पनि मिल्न सक्ने, जोसँग पनि एकता गर्न सक्ने मानिसहरूको ढुलमुले आचरणप्रति व्यङ्ग्य गर्दै त्यस्ता प्रवृत्तिलाई हाँसोमा उडाउने सन्दर्भमा यस कविताको रचना भएको देखिन्छ । रसशास्त्रीय दृष्टिले यस कवितामा रहेका विविध पक्षहरूको व्याख्या निम्नानुसार गर्न सकिन्छ :

### क) विभाव

यस कवितामा रहेका आलम्बन र उद्दीपन विभावहरूलाई निम्न रूपमा प्रस्तुत गर्न सकिन्छ :

#### अ) आलम्बन विभाव

प्रस्तुत कवितामा समाख्याताका रूपमा आएका पात्र लक्ष्मण गाम्नागे (कवि) नै आलम्बन विभाव हुन् । त्यसका साथै कवितामा आएका विसङ्गत पक्ष र तिनको प्रतिनिधित्व गर्ने व्यक्ति वा प्रवृत्ति पनि यस कवितामा विभाव बनेर आएका छन् । यहाँ कवि र अन्य व्यक्ति तथा प्रवृत्ति दुवैले स्थायीभावलाई उकास्ने काम गरेका छन् । त्यसै यहाँ दुवैको भूमिका आश्रय र विषयका रूपमा परिवर्तन भइरहेको देखिन्छ ।

#### आ) उद्दीपन विभाव

कविताको कथ्य अर्थात् राष्ट्रिय एकता र यसको व्यङ्ग्यात्मक अर्थ नै यस कवितालाई हास्यरस प्रदान गर्ने मुख्य उद्दीपक हो । हरेक गलत कार्य गर्नेहरूबिच यहाँ एकताको भाव देखिन्छ भनेर कविले समाजका विभिन्न क्षेत्रमा दुष्प्रवृत्तिहरूको

International Research Journal of MMC (IRJMMC)
Vol. 2 Issue 1 (February, 2021) ISSN 2717-4999 (Online) 2717-4980 (Print)

चर्चा गरेका छन् । त्यसैले कवितामा आएका कुर्सी, कमिसन, मुलुक डुबाउने मिसन, अदालत, मालपोत र भन्सार, जाँडपानी, जुवातास, छेरपेटी लागेको छोरो, बडेबडे भुँडीहरू, अनुहार देखिने कार, चौरासी व्यञ्जन, पान, हनुमान कट्टु, मट्टितेलको रित्तो ग्यालिन, राम, विभीषण, दरबार, तरबार, पुरानो सत्ता, नयाँ सत्ता, तलब भत्ता, झन्डा, डन्डा, सुनचादीका अन्डा, पञ्चरङ्गी जुँगा, सुकेनास लागेकी स्वास्नी आदिले पनि उद्दीपन विभावका रूपमा कार्य गरेका छन् ।

**ख) अनुभाव**

यस कवितामा आएका कलेटी परेका ओठ चाट्नु, काखीमा छेरपेटी लागेको छोरो च्याप्नु, हनुमान कट्टु हावामा हल्लाउनु, मट्टितेलको रित्तो ग्यालिन बोक्नु, पञ्चरङ्गी जुँगामा ताउ लगाउनु, सुकेनास लागेकी स्वास्नीको हात समात्नुजस्ता क्रियाले कायिक वा अङ्गज अनुभावलाई अभिव्यक्त गरेका छन् । त्यस्तै कविता पठन/श्रवणका क्रममा पाठक/श्रोताले मुख बङ्ग्याउनु, आँखा तन्काउनु, अनुहार खुम्च्याउनुजस्ता क्रियाहरू पनि यस कवितामा अनुभावका रूपमा आएका छन् । पात्रका विविध चेष्टाहरूबाट सङ्केतित हुने स्तम्भ, रोमाञ्च, वेपथु, विवर्णता आदि पनि यस कवितामा सात्विक वा मानसिक अनुभावका रूपमा आएका छन् ।

**ग) व्यभिचारीभाव**

'राष्ट्रिय ए...कता' कवितामा दैन्य, मद, व्याधि, अपस्मार, आलस्य, विषाद, वितर्कजस्ता व्यभिचारीभावहरू व्यक्त तथा अव्यक्त दुवै रूपमा आएका छन् । यिनै व्यभिचारीभावहरूले हाँसो उत्पन्न गर्न विभिन्न तरहले सहयोग पुर्‍याएका छन् । यस कवितामा पात्रका विभिन्न चेष्टा तथा क्रियाकलापहरूलाई व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गर्ने क्रममा यी भावहरूको एउटा शृङ्खला निर्माण भएको देखिन्छ ।

**घ) स्थायीभाव**

'राष्ट्रिय ए...कता' मूलतः हास्यव्यङ्ग्यप्रधान कविता हो त्यसैले यसको स्थायीभाव हास अर्थात् हाँसो हो । हँसाइको मात्राका आधारमा गरिने हास्यरसको वर्गीकरण स्मित, हसित, विहसित, अवहसित, अपहसित र अतिहसितमध्ये यस कवितालाई अतिहसितको कोटिमा राख्न सकिन्छ । कवितामा हास्यपत्रले आफू नहाँसी अरूलाई हँसाएको हुँदा यस कवितामा सञ्चरण भएको हास्यरस आत्मस्थ प्रकृतिको नभई परस्थ प्रकृतिको छ । यस कवितामा प्रासाद गुण, वैदर्भी रीति र उपनागरिक वृत्तिको प्रयोग भएको देखिन्छ ।

यसरी कवि लक्षण गाम्नागेद्वारा रचित 'राष्ट्रिय ए...कता' कविता हास्यरसको सफल र सार्थक प्रयोग भएको एउटा सुन्दर कविता रहेको निष्कर्ष निकाल्न सकिन्छ ।

## ७. निष्कर्ष

रस पूर्वीय साहित्यशास्त्रको एउटा प्राचीन र सुदीर्घ चिन्तन परम्परा हो । यसको प्रथम आधिकारिक चर्चा तथा व्याख्याविश्लेषण गर्ने श्रेय आदिआचार्य भरतलाई जान्छ । उनले मूलतः नाटकका सन्दर्भमा रसको परिचर्चा गरे पनि उत्तरवर्ती आचार्यहरूले साहित्यका विविध विधाहरूमा रसको अवस्थितिबारे विशद् चर्चा गरेका छन् । रसका प्रकारका बारेमा मतमतान्तर पाइए पनि शृङ्गार, वीर, हास्य, करुण, अद्भुत, भयानक, रौद्र, बीभत्स र शान्त गरी नौ रसहरूलाई रसका प्रकारका रूपमा स्विकारिँदै आएको छ । विभाव, अनुभाव, व्यभिचारीभाव र स्थायीभावहरूलाई रसका सामग्री वा उपकरण मानिन्छ । यिनै रसोपकरणको विश्लेषणबाट साहित्यिक कृतिमा अन्तर्निहित रसको विश्लेषण गरिन्छ ।

रस प्राचीन पूर्वीय चिन्तन परम्परा भए पनि यसको उपादेयता आधुनिक र आजका सन्दर्भमा समेत समाप्त भएको छैन । मूलतः छन्दोबद्ध काव्यकृतिमा रसको अवस्थिथिबारे अनेक अध्ययन अनुसन्धान भए पनि समकालीन नेपाली गद्य कवितामा रसको प्रयोगावस्थाबारे खासै अध्ययन भएको देखिँदैन । तथापि, आजका नेपाली गद्यकविताहरूमा पनि संस्कृत काव्यशास्त्रमा वर्णित सबै प्रकारका रसहरूको समुचित प्रयोग भएको देखिन्छ । प्रस्तुत आलेखमा शृङ्गार, वीर र हास्यरसका आलोकमा तीन

International Research Journal of MMC (IRJMMC)
Vol. 2 Issue 1 (February, 2021) ISSN 2717-4999 (Online) 2717-4980 (Print)

जना कविका तीन वटा कविताको मात्र विश्लेषण गरिए पनि समकालीन नेपाली कवितामा नौ वटै रसका उत्कृष्ट कविताहरू लेखिएको छन् भन्ने निष्कर्ष निकाल्न सकिन्छ ।

## सन्दर्भ ग्रन्थसूची

अधिकारी, हेमाङ्गराज (२०५६) . (सम्पा. २०६१) . *प्रयोगात्मक नेपाली शब्दकोश* . काठमाडौं : विद्यार्थी प्रकाशन ।

अर्याल, पद्मा (२०७४) . *सूक्तिसिन्धुमा शृङ्गार* . (अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध) . काठमाडौँ : नेपाल संस्कृत विश्वविद्यालय ।

आप्टे, वामन शिवराम (सन १९६९) . *संस्कृत—हिन्दी कोश* . दिल्ली : मोतीलाल वनारसीदास ।

उपाध्याय, केशवप्रसाद (२०५५) . *पूर्वीय साहित्य सिद्धान्त* (ते. सं.) . ललितपुर : साझा प्रकाशन ।

गाम्नागे, लक्ष्मण (२०७१) . *पत्याउँदा पत्याउँदै* . काठमाडौँ : ऐरावती प्रकाशन ।

गौतम, लक्ष्मणप्रसाद (२०६६) . *समकालीन नेपाली कविताका प्रवृत्ति* . काठमाडौँ : पैरवी प्रकाशन ।

ढकाल, विप्लव (२०७१) . *च्याउको जङ्गल* . काठमाडौँ : याम्बुरी बुक प्वाइन्ट ।

------------------------ (२०६९) . 'समकालीन नेपाली गद्य कवितामा रसविधानको स्वरूप', *कलाश्री* . पूर्णाङ्क १, पृ. १६५—१९८ ।

बराल, ईश्वर र अन्य (सम्पा. २०५५) . *नेपाली साहित्यकोश* . काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

पोखरेल, बालकृष्ण र अन्य (२०६७) . *नेपाली बृहत् शब्दकोश* . काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

भट्टराई, गोविन्दप्रसाद (अनु. २०३९) . *भरतको नाट्यशास्त्र* . काठमाडौं : नेराप्रप्र ।

मिश्र, श्रीजयमन्त (२०२१) . *काव्यात्म मीमांसा* . वाराणसी : चौखम्बा विद्या भवन ।

मिश्र, भगीरथ (सन् १९९०) . *काव्यरस चिन्तन और आस्वाद* . वाराणसी : विश्वविद्यालय प्रकाशन ।

भरत, (अनु. बाबूलाल शुक्ल शास्त्री २०४०) . *हिन्दी नाट्यशास्त्र* . वाराणसी : चौखम्बा संस्कृत संस्थान ।

वर्मा, धीरेन्द्र तथा अन्य (सन् २००९) . *हिन्दी साहित्य कोश* . वाराणसी : ज्ञानमण्डल लिमिटेड ।

वर्मा, हरिश्चन्द्र (सन् २०१३) . *भारतीय काव्यशास्त्र* . (द्वि. सं.) . पंचकूला : हरियाणा ग्रन्थ अकादमी ।

वैद्य, विमल (२०७५) . *अक्षर सिम्फोनी* . काठमाडौँ : मञ्जरी प्रकाशन ।

शर्मा, मोहनराज (२०५५) . *समकालीन समालोचना सिद्धान्त र प्रयोग* . काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

शास्त्री, श्रीनिवास (सन् १९६०) . *श्री मम्मटाचार्य विरचित काव्यप्रकाशः* . (चौधौँ सं.) . मेरठ : साहित्य भण्डार ।

शुक्ल, आचार्य रामचन्द्र (सन् २०१८) . *रसमीमांसा* . नई दिल्ली : पुस्तक प्रतिष्ठान ।

शुक्ल, राम बहोरी (सन् २०१६) . *काव्य प्रदीप* . (पैँतालीसौँ सं.). इलाहावाद : हिन्दी भवन ।

श्रीवास्तव, अर्चना (सन् २०१५) . *भारतीय तथा पाश्चात्य काव्यशास्त्र* . (छै. सं.) वाराणसी : विश्वविद्यालय प्रकाशन ।

श्यामसुन्दरदास (सन् २०११) . *साहित्यालोचन* . पटना : अनुपम प्रकाशन